

**बैज्ञानिक नाम**: **Rhododendron arboreum subsp. cinnamomeum var roseum**

नेपाली नामः **लालीगुराँस**

फुल्ने/फल लाग्ने समयः चैत्र-जेष्ठ, एउटै झुण्डमा १५-२० वटा घण्टी आकारका फूल फल्ने/भाद्र-कार्तिक

**वासस्थान/वानी/फैलावट**: २५००-४००० मिटर/३-८ मिटरको सदावहार रूख वा झाडी/नेपाल, भारत, भुटान, दक्षिणी तिब्बत

**प्रयोग**: दाउरा, गोठ छाउन काठ



**बैज्ञानिक नाम**: **Rhododendron campanulatum (Bel Rhododendron)**

नेपाली नामः **निलो चिमाल**

फुल्ने/फल लाग्ने समयः वैशाख-जेष्ठ, निलो, प्याजी रंगको घण्टी आकारका फूल फुल्ने/आषाढ-भाद्र

**वासस्थान/वानी/फैलावट**: ३०००-४४०० मिटर/२-६ मिटरको सदावहार झाडी/नेपाल, भारत, भुटान

**प्रयोग**: यसको पातमा किटाणु मर्ने (antimicrobial activities) विषेशता रहेको छ । परम्परागत रूपमा यसको पात र काण्ड तमाखु र रूघाखोकी निको पार्ने नस बनाउन, सुन्निएको भागमा र विषम ज्वरो, छालाको रोग, टाउको दुखाई, खोकीमा प्रयोग गरिन्छ ।

शित ओष्ण तथा लेकाली प्रदेशको ढुङ्ग्यान तथा बलौटे स्थानमा हुर्कने यो गुराँसको चाखलाग्दो विशेष भनेको पात अण्डाकार आकार हुन्छ र पातको मुनिको भाग नयाँमा सेतो र पुरानोमा कैलो रंगको मुलायम भुवाले ढाकेको हुन्छ । यसको पात गुराँस प्रजातीकै सबैभन्दा नरम र मुलायम मानिएको छ ।



बैज्ञानिक नामः **Rhododendron lepidotum (Pink Scaly Rhododendron)**

नेपाली नामः **भाले सुनपाती**

फुल्ने/फल लाग्ने समयः जेष्ठ-आषाढ, प्याजी, सेतो, पहेंला, बैजनी, गुलावी रंगमा प्रत्येक फूल छुट्टिएर फुल्ने/आषाढ-भाद्र

वासस्थान/वानी/फैलावटः २४००-४९०० मिटर/२ मिटर सम्मको सदावहार झाडी-बुट्टयान/नेपाल, भारत, भुटान

**प्रयोग**: मनाङ जिल्लामा यसको रस रगत सफा गर्छ भनेर पिउने गरेको र पात किरा मार्न प्रयोग गरेको पाइन्छ । पात र फूलको धुलोकोबाट बनेको नस टाउको दुखाईमा ।

**विषेशता**: अण्डाकार र बाक्लो पात, पातको मुनीको भाग बाक्लो कैलो भुवाले ढाकेको र यो प्रजाती IUCN को संवेदनसिल (Near Threatened) सूचीमा अंकित रहेको ।

## निश्कर्ष

नेपालमा पाइने विभिन्न वनस्तीहरू मध्ये गुराँस फूल सजावत, दाउरा बाल्न, औषधीजन्य जडिबुटी एवं सुगन्धित तेलको लागी महत्वपूर्ण छ । यसका साथै लालीगुराँस नेपालको राष्ट्रिय फूल मात्र नभई नेपालको मुद्रा, हुलाक टिकट र लालमोहरमा समेत अंकित गरिएका छ । यसको विकास, संरक्षण संवर्द्धन र सदुपयोगले वातावरण र सौन्दर्य तथा जैविक विविधता संरक्षणमा समेत ठूलो टेवा पुग्दछ । प्रचारप्रसारको माध्यमबाट जानकारी प्रदान गरी जनचेतना जगाई संखुवासभा जिल्ला तथा नेपालको वन क्षेत्रभित्र पाइने गुराँस परिवारका बनस्पति तथा यसको वासस्थानको उचित संरक्षण गर्न डिभिजन वन कार्यालय, संखुवासभाले विशेष जोड दिंदै प्रचार प्रसार शुरू गरेको छ । यसको लागि सवै सरोकारवालाहरूको सामुहिक प्रयास (Collective Effort) बाट गुराँसको दिगो संरक्षण र ब्यवस्थापन सम्भव छ ।

# संखुवासभा जिल्लामा पाइने गुराँस प्रजातीहरुको परिचय



प्रदेश सरकार
प्रदेश नं. १, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय, संखुवासभा
सम्पर्क : ०२९-५६०१३५

२०७६ आषाढ



## परिचय

गुराँस भन्ने वित्तिकै हाम्रो मन मष्तिकमा हाम्रो देश नेपालको राष्ट्रिय फूल लालीगुराँसको गाढा तस्वीर अगाडी आउँछ । प्रायः हामी सवैले देखेको Ericaceae परिवार अर्न्तगत पर्ने गुराँस फुल फुल्ने वनस्पति भनेर नामैले पनि चिनिन्छ । अंग्रेजीमा Rhododendron भनेर चिनिने यो मनमोहक फुलका विभिन्न प्रजातिहरू संसारभरि नै पाइन्छ । संसारभर करिव १००० प्रजातिका गुराँसहरू पाइन्छन् भने नेपालमा करिव ३२ प्रजातिका गुराँस प्रजातीहरू पाइन्छन् । जसमा ३ प्रजाती रैथाने (Endemic) रहेका छन् । गुराँस नेपालको पुर्वीदेखि पश्चिमसम्म समुद्र सतहदेखि १०००–५६०० मिटर सम्मको उचाईमा पाइएको छ । शित प्रदेशिय हावापानीको उत्कृष्ट फूल फुल्ने र सदावहार प्रजाती भएकाले यसलाई रूखहरूको राजा समेत भनेर चिनिन्छ ।

## वानी ब्यहोरा र वासस्थान

गुराँस जमिनमा हुर्कने (Terrestrial) सदावहार (Evergreen) वनस्पति हो । प्रजाती र स्थान अनुसार रातो, सेतो, पहेंलो, प्याजी, बैजनी, छिरविरे, निलो इत्यादी रंगमा फुल्ने यसका धेरैजसो प्रजातीहरू झुप्पामा फुल्छन् भने कुनै प्रजातीहरू एउटै पनि फुल्छ । यसका केही प्रजातीहरू माघदेखि फुल्ने गर्छन् । विशेष गरी लालीगुराँस फुल्ने समयमा फल्गुण–चैत्र महिनामा डाँडा नै ढक्कमक्क हुने गर्छ । नेपालको म्याग्दी जिल्लामा पर्ने घोरेपानी र संखुवासभा, ताप्लेजुङ्ग र तेर्हथुम जिल्लाको मध्य क्षेत्रमा पर्ने (तिनजुरे मिल्के जलजले) गुराँस क्षेत्रको लागी अनुपम मानिएको छ । तिनजुरे मिल्के जलजले क्षेत्रमा मात्र २८ प्रजातिका गुराँसहरू एकिन गरिएको छ । गुराँसको उचाई ४–३० मिटरसम्मको रूख हुन्छ भने कुनै प्रजाती झाडी बुट्टयानको रूपमा रहेको हुन्छ । गुराँसको पात बाक्लो, लाम्चो र टुप्पो तिखो हुन्छ र कुनै प्रजातीका पातको तल्लो भाग सेतो र खैरो र झुसले भरिएको पनि हुने गरेको पाइन्छ । सामान्यतया यो प्रजातीले सुख्खापन तथा आगो र अति तुषारो चिसोपना खप्न सक्छ । यसको काण्ड खैरो रंगको र बोक्रा बाक्लो हुन्छ । स्थानअनुसार यो सँगै आउने प्रजातीहरू पनि विभिन्न छन् । जस्तैः चिलाउने, कटुस, रियाज, बाँझ, फलाँट, खस्रु, अंगेरी इत्यादी ।

## महत्व

माघदेखि भदौ महिनासम्म फुलिरहने गुराँस प्रजाती मुख्यतयाः फूल सजावटको लागी प्रख्यात छ । विभिन्न ठुला तथा तारे होटल, धनाढ्य, सौखिन ब्यक्तिहरूले आँगन तथा बगैंचामा गुराँस प्रजातीलाई सजावटको राम्रो साधन बनाएको छ । यसका थुप्रै प्रजातीहरू ठुलो फुल फुल्ने प्रजातीका लागी पहिचान गरिएको छ ।

गुराँस प्रजातीहरू काठ दाउरा, औषधी, सुगन्धी तेल, अगरबत्ती, सौन्दर्यको सामाग्री, जाम, जुस, किटनासक तथा सुगन्ध इत्यादीमा प्रयोग हुनेगर्छ । उच्च पहाडी तथा हिमाली भेगमा दाउरा तथा गोठमा छाउन काठको मुख्य प्रजाती गुराँस रहेको छ । बोक्राबाट बनाएको नस रूघाको लागी उत्कृष्ट मानिएको छ । गुराँस कलेजोको लागि राम्रो मानिएको छ । त्यस्तै भाले सुनपाती (R. lepidotum) र सुनपाती (R. anthopogum) को पात गुम्बाहरूमा धुपको रूपमा प्रयोग गरिन्छ साथै सुनपातीको फूल चियाको रूपमा प्रयोग गरिन्छ । नेपालको घोरेपानी र तिनजुरे, मिल्के जलजले क्षेत्रमा गुराँसका कारणले असंख्य पर्यटकहरूको आगमन भै स्थानिय अर्थतन्त्रमा समेट टेवा पुऱ्याएको छ । नेपालको लालमोहर, मुद्रा र हुलाक टिकटमा लालीगुराँसको चिन्ह अंकित गरेको छ भने विभिन्न प्रजातीका गुराँसहरू हुलाक टिकटमा समेत राखिएको छ ।

गुराँसको प्रयोगमा केही सावधानी अपनाउनु पर्ने हुन्छ । करिव सबै प्रकारका गुराँस खतरनाक सावित हुनसक्छ । पातले पेट दुखाउने र जलन गराउने, मुटुको धडकनमा गडबडी, बेहोस र मष्तिस्कको मुत्यु गर्न सक्छ । गुराँसका फूलबाट वनेको मह विषालु हुन्छ । घोडाको लागी गुराँसको पात अति विषालु हुन्छ ।

## बजार

अन्तर्राष्ट्रिय जगतमा यसको ब्यपार ब्यवसाय फस्टाउँदै गएता पनि नेपालमा यसको प्रयोग परम्परागत मात्र देखिन्छ । नेपालको केही बर्ष पहिले धनकुटा लगायतका पुर्वी जिल्लामा तत्कालिन Livelihood Forestry Program को सहयोगमा लालीगुराँसको जुस वनाउने कार्यक्रम संचालन गरिएको थियो तर विविध प्राविधिक कारण यो सफल हुन सकेन ।

## अवस्था

देशभर यसका प्रजातीहरू फैलिएको भएता पनि खासगरी उच्च पहाडी र हिमाली भेगमा यार्सागुम्बा संकलनको वेलामा दाउराको लागी अत्याधिक संकलनले संकटमा पुगेको छ भने कतिपय स्थानमा वन विनास तथा वन क्षेत्र अतिक्रमणको कारण यसको वासस्थान साँघुरिँदै गएको छ । तापक्रम वृद्धिको कारणले वृक्षरेखाभन्दा माथीको घाँसे मैदानमा यसका प्रजातीहरू फैलिँदै गएर घाँसे मैदानको विनास भैरहेको स्थिति पनि छ ।

## कानुनी ब्यवस्था

संविधानत लालीगुराँस (Rhododendron arboreum) नेपालको राष्ट्रिय फूल हो । नेपालको लालमोहर र मुद्रामा समेत लालीगुराँसको चिन्ह अंकित समेत गरेको छ । तर यसको संरक्षणको लागी हालसम्म पनि कानुनी प्रावधान वनाएको नभएतापनी संरक्षित क्षेत्र तथा संरक्षित वन क्षेत्रको घोषणाले यसको संरक्षणमा केही मात्रा टेवा पुऱ्याएको देखिन्छ । नेपालको ४ प्रजातीका गुराँसलाई IUCN ले रातो सूचिमा (Red List) राखेको छ जसमध्ये २ प्रजातीहरू संकटापन्न (Vulnerable) अवस्थामा छन् ।

संखुवासभा जिल्लाको (तिनजुरे, मिल्के, जलजले) वन क्षेत्रमा पाइने गुराँसहरूको फोटो सहितको जानकारी तल दिइएको छ ।



**बैज्ञानिक नामः** **Rhododendron arboreum**

नेपाली नामः लालीगुराँस

फुल्ने/फल लाग्ने समयः माघ–भाद्र, एउटै झुण्डमा १५–२० वटा घण्टी आकारका फूल फल्ने, गुराँस प्रजातीमा संसारको सवैभन्दा ठुलो फूल/आषाढ–भाद्र

**वासस्थान/वानी/फैलावटः** १०००–३६०० मिटर/१० से. मि–३० मिटरको रूख/संसारभर